# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बाग्लुङ्ग-२, बाग्लुङ्ग

फोन नं ०६८-५२०९०५, E-mail : infodesk@dhaulagiribank.com

## बिशेष साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/११/१८ मा बसेको बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको बिशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ :

**१) सभा हुने मिति, स्थान र समय**

मिति : २०७९ साल चैत्र ६ गते सोमवार (तद्नुसार २० मार्च, २०२३)

स्थान : DCRDC को सभाहल उपल्लाचौर, बाग्लुङ्ग नगरपालिका वडा नं. ४, बाग्लुङ्ग

समय : बिहान १०:०० बजे

**छलफलका विषयहरु :**

क) बिशेष प्रस्ताव

१. धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जर गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा।

२. धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जर गर्ने प्रयोजनको लागि मुल्याँकनकर्ताबाट प्राप्त प्रतिवेदनका आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धमा।

३. धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जर गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकनप्रतिवेदन (DDA), मर्जर गर्ने सम्बन्धमा गठित संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च अनुमोदन तथा अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा।

४. धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जर गर्ने प्रयोजनका लागि नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

५. एक आपसमा गाभिने (Merger) सँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पूरा गरी अख्तियार प्राप्त निकायहरुबाट अन्तिम स्वीकृत लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने।

६. प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने।

७. धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड र खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मर्जर गर्ने सम्बन्धी कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

ख) विविध

**बिशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) यस बिशेष साधारण सभा प्रयोजनका लागि २०७९/११/२६ गते सम्म कायम संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई विशेष साधारण सभामा भाग लिने अधिकार हुनेछ।

२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्ने शेयरधनी उपस्थिती पुस्तिका साधारण सभा हुने दिन बिहान ९:०० बजे देखि खुल्ला हुनेछ।

३) बिशेष साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरुले आफनो परिचयपत्र वा परिचय खुल्ने प्रमाण साथमा लिई आई दिनु हुन अनुरोध छ।

४) प्रतिनिधी (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सम्पुर्ण शेयरको प्रतिनिधी एउटै ब्यक्ति हुने गरि प्रतिनिधी पत्र (प्रोक्सि) भरी बित्तीय संस्थाको केन्द्रीय कार्यालय मा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरि सक्नु पर्नेछ।यसरी प्रतिनिधी (प्रोक्सि) नियुक्त गरिएको ब्यक्ति बित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य हुनेछ।

५) सभामा भाग लिन प्रतिनिधी (प्रोक्सि) नियुक्त गरिसके पछि सम्बन्धीत शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधी (प्रोक्सि) स्वतः बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधी (प्रोक्सि) ले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित ब्यक्तिले ल्याउने गरी प्रोक्सि फारममा संस्थाको छाप र अधिकारिक ब्यक्तिको दस्तखत हुनु पर्नेछ।

७) शेयरधनीले आफनो प्रतिनिधी (प्रोक्सि) नियुक्त गर्दा बित्तीय संस्थाको अर्को कुनै शेयरधनीलाई मात्र गर्नु पर्नेछ। त्यस्तो प्रोक्सि दिंदा संस्थापक समुहको शेयरधनीले संस्थापक समुहको र सर्बसाधारण शेयरधनीको समुहका शेयरधनीले सर्बसाधारण शेयरधनीहरुलाई मात्र प्रोक्सि दिन सक्नेछ। निजले आफनो र प्रोक्सि दिने शेयरधनी तर्फबाट समेत प्रतिनिधी भई सहभागी हुन पाउनेछ।

८) छलफलका बिषय सूची मध्ये बिबिध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा सात दिन अगाडि नै छलफलको बिषय कम्पनी सचिव वा प्रमुख कार्यकारी अधिकृत मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ।

९) सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ।

१०) साधारणसभा सम्बन्धी अन्य जानकारी संस्थाको वेभसाइट www.dhaulagiribank.com वा संस्थाको केन्द्रीय कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ।

११) बिशेष साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय बाग्लुङ्ग नगरपालिका वडा नं. २, बाग्लुङ्गमा सम्पर्क राख्नु हुन अनुरोध छ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव